Series ωZWYX/C

Set-4

प्रश्न-पत्र कोड
Q.P. Code **17**

रोल नं.
Roll No.

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली
# NEPALI

*निर्धारित समय : **3** घण्टे*
*Time allowed : **3** hours*

*अधिकतम अंक : **80***
*Maximum Marks : **80***

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **19** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **18** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ्नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।

- Please check that this question paper contains **19** printed pages.
- Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **18** questions.
- **Please write down the serial number of the question in the answer-book before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

***General Instructions :***

1. *Question paper is divided into **two** sections.*
2. *It has total **18** questions.*
   - *Section A : 6 questions no. 1 to 6*
   - *Section B : 12 questions no. 7 to 18*
3. *Attempt questions as per specific instructions.*
4. *Write question no. in answer book before attempting it.*

**भाग एक**

**1.** निम्नलिखित दुईवटा गद्यांशबाट कुनै **एक**मा दिइएका सबै प्रश्नहरूको उत्तर दिनुहोस् । *5×1=5*

1A. सिक्किम राज्यबाट **आमा** महाकाव्यमा सर्वप्रथम साहित्य अकादमी पुरस्कार प्राप्त गर्ने तुलसीराम शर्मा काश्यपको जन्म सन् 1939 को फरवरी 11 तारिकका दिन पूर्व सिक्किमको छुजाचेन बस्तीमा भएको थियो । उनका पिता चन्द्रलाल शर्मा र माता कौशल्यादेवी हुन् । उनी स्कूलमा गुरूबाबुको काम गर्दागर्दै राजनीतिमा प्रवेश गरेर राज्यका मन्त्री तथा विधानसभा अध्यक्षसम्म हुन पुगेका थिए ।

तुलशीराम शर्मालाई कविता साहित्यप्रति सानैदेखि रूचि थियो । उनका पिताले रामायण, कोमलगीता, कृष्णचरित्र लय हालेर पढ़ेको र बिहा बटुलोमा श्लोकेहरूले श्लोक भनेको सुन्दा उनलाई पनि छन्दोबद्ध कविता रचना गर्न मन लागेर आउँथ्यो । स्कूलमा पढ़्दादेखि छन्दहरूको बारेमा जानकारी लिने गुरूबाबुहरूसित चासो राख्दथे । गुणरत्नमाला, मुनामदन, मुकुन्द इन्दिरा जस्ता कृतिहरूको अध्ययन गरेर शर्माले कविता लेख्ने प्रेरणा पाएका थिए ।

उनका कृतिहरूमा 1. आँकुरा, 2. संसार यस्तै रहेछ, 3. कला कलम 4. जन्मभूमि, 5. तस्वीर, 6. आमा, 7. अनुराग, 8. सिक्किम हिजो र आज, 9. मन्थन आदि प्रमुख छन् ।

(i) सिक्किम राज्यबाट सर्वप्रथम अकादमी पुरस्कार कसले प्राप्त गरेका थिए ?

(a) तुलसीराम शर्मा ।

(b) तुलसीबहादुर छेत्री ।

(c) तुलसीप्रसाद शर्मा ।

(d) तुलसीराम छेत्री ।

(ii) तुलसीराम शर्माको जन्म कहिले भएको थियो ?

(a) वि. सं. 1939 फरवरी 11

(b) सन् 1939 फरवरी 11

(c) इ. पू. 1939 फरवरी 11

(d) सन् 1939 फरवरी 12

(iii) तुलसीराम शर्मा राजनीतिमा प्रवेश गरेर कुन पदसम्म पुगेका थिए ।

(a) मुख्यमन्त्री ।

(b) राज्यपाल ।

(c) राज्यमन्त्री ।

(d) मन्त्री ।

(iv) उनले कहाँबाट कविता लेख्ने प्रेरणा पाएका थिए ।

(a) गुणरत्नमाला, मुनामदन, आँकुरा ।

(b) गुणरत्नमाला, मुनामदन, मन्थन ।

(c) गुणरत्नमाला, मुनामदन, मुकुन्द इन्दिरा पढ़ेर ।

(d) गुणरत्नमाला, मुनामदन, अनुराग ।

(v) उनका कृतिहरू __________ हुन् ।

(a) मन्थन, कलाकलम, जन्मभूमि ।

(b) अनुराग, मुकुन्द इन्दिरा, आँकुरा ।

(c) सिक्किम हिजो र आज, कला कलम, मुनामदन ।

(d) मुनामदन, मुकुन्द इन्दिरा, गुणरत्नमाला ।

**अथवा**

1B. तीन-चार वर्षपछिको कुरो हो । एकदिन घाममा बसेर सुभद्रा छोरोलाई भात खुवाइरहेकी थिइन् । सुशील चाहिँ आँगनमा चरिरहेका परेवालाई पक्रने कोशिशमा थियो । सुभद्रा हातमा भातको गाँस लिएर' को खाई, को खाई' भन्थिन् । सुशील मुख बाउँदै दौड़ेर आउँथ्यो, सुभद्रा गाँस मुखमा हालिदिन्थिन् । बालक फेरि दौड़ेर परेवातिर जान्थ्यो । ती मूक पक्षीहरू पनि बालकसँग आनन्दपूर्वक खेलिरहेका थिए । सुशील गई समात्न खोज्थ्यो, परेवा अलिपर गई चर्न लाग्थे । सुभद्राको 'को खाई, को खाई-को आवाज सुनेर सुशील बीचबीचमा एक-दुई सिता भात खाएर पनि जान्थ्यो ।

एकदिन सुशील तुलसीको मठनेर खेलिरहेको थियो पिँढ़ीबाट एकातिर लक्ष्मी, अर्कातिरबाट सुभद्राले हात थापेर 'नानी कता, नानी कता' भने। सुशील एक क्षणपछि दुगुर्दै गई सुभद्राको छातीमा टाँसियो। सुभद्राको हृदय पवित्र पुत्र-वात्सल्यले परिपूर्ण भयो। 'मेरो राजा' भनेर म्वाइँ खाइन्।

सुशीललाई लक्ष्मीले जन्म मात्र दिइन्, हुर्काइन् केवल सुभद्राले। त्यो सुभद्रालाई एकछिन छोड्दैनथ्यो। सुभद्रालाई 'आमा' भन्थ्यो, आफ्नी आमालाई 'दुलही' भन्थ्यो, नकि घरमा लक्ष्मीलाई सबैले 'दुलही बज्यै' भन्थे।

(i) सुभद्राले सुशीललाई भात ख्वाइरहेको बेला सुशील के गर्दै थियो ?

- (a) आँगनमा चरिरहेका परेवालाई पक्रने कोशिशमा थियो।
- (b) आँगनमा चरिरहेका कुखुरालाई पक्रने कोशिशमा थियो।
- (c) आँगनमा खेलिरहेका नानीहरूलाई पक्रने कोशिशमा थियो।
- (d) आँगनमा चरिरहेका खरायोलाई पक्रने कोशिशमा थियो।

(ii) सुभद्राको 'को खाइ को खाइ' – को आवाज सुनेर सुशील के गर्थ्यो।

- (a) बीच-बीचमा दुई-चार गाँस भात खाएर जान्थ्यो।
- (b) बीच-बीचमा दुई-चार थाल भात खाएर जान्थ्यो।
- (c) बीच-बीचमा सुभद्रा भएको ठाउँमा आउँदै थियो।
- (d) बीच-बीचमा दुई-चार सिता भात खाएर जान्थ्यो।

(iii) अनुच्छेदमा रहेको 'मेरो राजा' शब्दले कसलाई बुझाउँछ ?

- (a) देवीरमणलाई।
- (b) देशको राजालाई।
- (c) सुशीललाई।
- (d) राजा नाम गरेको मान्छेलाई।

(iv) सुशीलको आमाको नाम के हो ?

(a) सुभद्रा।

(b) लक्ष्मी।

(c) कृष्ण।

(d) देवी।

(v) सुभद्राको मातृहृदय कतिबेला वात्सल्यले परिपूर्ण भयो ?

(a) लक्ष्मीले धेरै माया गरेको बेला।

(b) लक्ष्मीको स्नेहले परिपूर्ण हुँदा।

(c) सुशील कुदेर आएर छातीमा टाँसिएपछि।

(d) सबै घरपरिवार मिलेर बसेको देख्दा।

**2.** निम्नलिखित दुईवटा काव्यांशबाट कुनै **एक**मा दिइएका सबै प्रश्नहरूका उत्तर लेख्नुहोस्। *5×1=5*

2A. हँसाउन सक्दैनौ भने अरूलाई
रुवाउने पनि हक छैन
धरतीको अनावश्यक बोझ बनेर
अझै बाँच्ने तिमीलाई हक छैन।
तिमी मरेर हुँदैन कोख बाँझो आमाको
न स्वास्नी विधवा हुन्छे
न छोरा-छोरी टुहुरा हुन्छन्
भन गर्न के सक्यौ तिमीले देशको लागि ?
अनि के गर्यौ समाज र आफन्तको लागि ?
जब तिमी स्वयं बाँच्ने आशमा हात फैलाउँदै हुन्छौ
त्यसैले त तिमी निष्काम भएका छौ
मान्छेका नाउँमा कलङ्क तिमी
बदनाम भएका छौ समाजदेखि
स्वार्थ बटुल्न नजानेर

परिवारका हरेक इच्छा पूरा गर्न नसक्दा
घृणा र अपमानका पात्र भएका तिमी
हो रूप, यौवन र श्रम सबै बाँड़िसकेपछि
रहेको केही चोखो विवेक पनि
समस्या र त्यसकै समाधानमा धितो राख्नुपर्दा
अपाङ्ग, रोगी, गरीब र निमुखा भएका तिमी
रस चुसिसकेपछि खोस्टा मात्र बाँकी
तिम्रो आवश्यकता छँदै छैन रे
त्यसैले अब तिमीले
बाँच्ने हक पनि छैन रे।

(i) यहाँ कसको बाँच्ने हक सकिएको छ ?

(a) 'तिमी' को (b) 'म' को।

(c) 'त्यस' को। (d) 'उनी' को।

(ii) 'तिमी' पात्र किन हात फैलाउँदै हिँड्छ ?

(a) खानको निम्ति। (b) भोकको कारणले।

(c) बाँच्ने आशामा। (d) बिमारी भएकाले।

(iii) यहाँ 'तिमी' किन बदनाम भएको छ ?

(a) निष्काम भएर। (b) स्वार्थ बटुल्न नजानेर।

(c) चोरी गरेर। (d) सबैलाई ढ़ाँटेर।

(iv) यौवन, रूप र श्रम बाँड़िसकेपछि उ के भएको छ ?

(a) कुरूप वृद्ध भएको छ।

(b) रोगले ग्रस्त भएर ओच्छ्यान परेको छ।

(c) बलियो भएको छ।

(d) अपाङ्ग, रोगी, गरीब भएको छ।

(v) समस्या शब्दको विपरीत के हुन्छ ?

(a) असमस्या। (b) समाधान।

(c) अमस्या। (d) नसमस्या।

**अथवा**

2B. हो, क्रान्तिकारी भोक-तिर्खा सहन सक्छन्
निद्रा, आराम सबै त्याग्न सक्छन्
मुटु साटासाट, आत्मा एउटै
परे रगत बगाउने गर्छन्।
घाँटीमा घाँटी अचानो पारी
सहिदिन्छन् प्रहारहरू ऐय्या ! नभनी
छातीको पीड़ा क्रान्तिले बोल्छन्
आँसु र व्यथा मनले पिउँछन्
परे पनि मर्नु मृत्यु बरु भाग्ला
भाग्दैनन् क्रान्तिकारी, मरिदिन्छन् तरै
सिद्धान्तमा मुन्टो निहुराउँदैनन्
लक्ष्य प्राप्तिबिना क्रान्तिकारी मर्दैनन्।
जनता क्रान्ति हुन्, क्रान्ति जनताको हो
स्वाभिमानका सीमा रेखामाथि उभिएर
एउटै विश्वास क्रान्तिका निम्ति
मेरो पनि क्रान्तिकारी सलाम छ।

(i) भोक तीर्खा कसले सहन सक्छन् ?

(a) परिश्रम गर्नेले। (b) सन्तोष गर्नेले।

(c) क्रान्तिकारीले। (d) स्वाभिमानीले।

(ii) क्रान्तिकारीहरू आँशु र व्यथा केले पिउँछन् ?

(a) मुखले। (b) मनले।

(c) हृदयले। (d) आँखाले।

(iii) कतिबेलासम्म क्रान्तिकारी मर्दैनन् ?

(a) अर्कोले प्रहार नगरूञ्जेल।

(b) स्वतन्त्र नहुञ्जेल।

(c) अन्तिम लड़ाइसम्म।

(d) लक्ष्य प्राप्तिबिना।

(iv) कविले जनतालाई के भनेका छन् ?

(a) क्रान्ति।

(b) शान्ति।

(c) उन्नति।

(d) प्रगति।

(v) कविले कसलाई क्रान्तिकारी सलाम गरेका छन् ?

(a) राजालाई। (b) जनतालाई।

(c) प्रहरीलाई। (d) नेतालाई।

**3.** तल दिइएका प्रश्नहरूमध्ये कुनै ***सोह्र (16)*** वटाको सही उत्तर लेख्नुहोस्। *16×1=16*

(i) समोच्चारित शब्दलाई __________ पनि भनिन्छ।

(a) भिन्नार्थक शब्द।

(b) विपरीतार्थक शब्द।

(c) अनेकार्थक शब्द।

(d) पर्यायवाची।

(ii) प्रतिशब्द भन्नाले बुझिन्छ ?

(a) कुनै पनि शब्दले अर्को शब्दको प्रतिकार गर्ने शब्द।

(b) कुनै पनि शब्दको सोही अर्थ दिने अन्य शब्दहरू।

(c) जुन शब्दले त्यसको ठीक विपरीत अर्थ दिन्छ ती शब्दहरू।

(d) ती शब्दहरू जहाँ अघिल्तिर 'प्रति' लागेको हुन्छ।

(iii) वाक्यसङ्क्षेप भनेको के हो ?

(a) सार खिचिएको शब्द ।

(b) वाक्यलाई छोटो बनाउन छोट्याइएको अर्को वाक्य ।

(c) कुनै पनि वाक्यको सङ्क्षिप्त भाव प्रस्तुत गर्नु ।

(d) मीठो र खिरिलो वाक्य ।

(iv) विपरीतार्थक शब्दको अर्को नाम के हो ?

(a) प्रतिशब्द ।

(b) उचित शब्द ।

(c) विलोम शब्द ।

(d) अविपरीतार्थक शब्द ।

(v) अनेकार्थक शब्द : ______________ ।

(a) अनेक अर्थ नलाग्ने शब्द ।

(b) शब्दको अर्थ नभएको शब्द ।

(c) ठीक विपरीत अर्थ लाग्ने शब्द ।

(d) स्थानअनुसार अनेक अर्थमा प्रयुक्त हुने शब्द ।

(vi) गुरू चण्डाली दोष नरहेको पद: ______________ ।

(a) उसकी राम्री पुत्री ।

(b) उसकी राम्री छोरी ।

(c) पिताको पत्र छोरालाई ।

(d) पुष्पबारीमा हामी ।

(vii) तल दिइएकामध्ये कुन भिन्नार्थक शब्द हुन् ?

(a) खुन – सुन ।

(b) आदि – अन्त ।

(c) अविहित – अभिहित ।

(d) कृति – पृति ।

(viii) 'उपस्थित' शब्दका अन्य सोही अर्थ दिने विकल्प छान्नुहोस्।

(a) प्रस्तुत, प्रस्तुति।

(b) हाजिर, जागिर।

(c) विद्यमान, अविद्यमान।

(d) विद्यमान, हाजिर।

(ix) दुई नदी मिलेको ठाउँ : ______________ ।

(a) दुईनदी।

(b) दोभान।

(c) नदीमिलन।

(d) त्रिवेणी।

(x) 'दायाँ' शब्दको उल्टा शब्द के हुन्छ ?

(a) बायाँ।

(b) छायाँ।

(c) चायाँ।

(d) माया।

(xi) 'टीका' शब्दको अनेकार्थक विकल्प कुन हो ?

(a) व्याख्यान, विजयादशमी, निधारमा लगाइने चिह्न।

(b) निधारमा लगाइने चिह्न, निधारमा नलगाइने चिह्न।

(c) विजयादशमी, आख्यान।

(d) व्याख्यान, सञ्चालन।

(xii) तलका मध्ये सही हिज्जे भएको शब्द छान्नुहोस्।

(a) श्वीकार।

(b) स्विकार।

(c) श्विकार।

(d) स्वीकार।

(xiii) फेर-फेर्, बाबु-बाबू, पतन-पत्तन, विष-वीस कस्ता शब्द हुन् ?

(a) दोहोरिने शब्द।

(b) समोच्चारित शब्द।

(c) एकार्थक शब्द।

(d) द्वित्व शब्द।

(xiv) 'दाता, दिने, दानशील' – को पर्यायवाची शब्द कुन हो ?

(a) विधाता।  (b) सुशील।

(c) दानी।  (d) हार्दिक।

(xv) १. जो कहिले मर्दैन: अमर।

२. पहाड़मा बस्ने मानिस: पहाड़ी।

उक्त दुई उदाहरणलाई निम्न कुन विकल्प ठीक हुन्छ ?

(a) विलोम शब्द।  (b) प्रतिशब्द।

(c) समोच्चारित शब्द।  (d) वाक्यसङ्क्षेप।

(xvi) 'उत्तर' शब्दको विपरीतार्थक शब्द : ______________ ।

(a) दक्षिण।

(b) प्रश्न।

(c) जवाफ।

(d) दिशा।

(xvii) 'पत्र : चिठी, पात, तह, पान' जस्ता शब्द ______________ हुन्।

(a) विपरीतार्थक शब्द।

(b) सारशब्द।

(c) अनेकार्थक शब्द।

(d) भिन्नार्थक।

(xviii) भाषाका स्त्रीलिङ्गी शब्द अन्तमा ______________ हुन्छन्।

(a) दीर्घ।

(b) ह्रस्व।

(c) हलन्त।

(d) व्यञ्जन।

**4.** तल दिइएका गद्यांश ध्यानपूर्वक पढ़ेर कुनै ***पाँच*** प्रश्नका उत्तर दिनुहोस् । *5×1=5*

चामेका मनमा कुरा खेल्न लागे । हरे ! त्यो दिन बिचरी गौँथलीलाई किन कुटेँ हुँला । स्वास्नी मानिसहरू बिहा हेर्न भनेपछि हुरुक्क हुन्छन्, उसमा पनि चड्दो उमेर एकछिन बिहा हेर्न गै त के भो ? एकछिन यसो गाउँ-घरमा रमिता हेर्न गएको पनि खप्न नसक्ने छुसीले के स्वास्नी सुमर्नु ? भात पकाउन अलिकता ढिलो गरी भनेर स्वास्नी कुट्नु त्योभन्दा अधर्म काम अर्को के होला ? अलि मुखाले भएकी पनि कुटेरै हो । अब घर गै भने कैल्यै कुट्ने छैन । जुठे दाइकाभन्दा बढ़ता कदर गेरेर राखिनँ भने अनि भन्नु ।

मनमा कुरा उत्तिकै खेलिरहेका थिए तलतिरबाट उपियाँले उत्तिकै टोक्थे । बिहानीपख ढोका उघारेको शब्द आयो । गौँथली आई कि भनेर चामेले ठाड़ाठाड़ा कान लायो । पछि हेर्दा ससुरो बूढ़ो रहेछ । ससुरो दैलो उघारेर करेसातिर पिसाब फेर्न गयो । चामेले रातभर निमेष लाएन ।

गाई-वस्तु फुकाउने बेला भएको थियो । ससुरो पर्खालमा बसेर तमाखु खान लागेको थियो । सासू चाहिं पिँढीमा बसेर मकै छोड़ाउन लागेकी थिई । गौँथली भित्र मझेरीमा जूठो चूलो गर्दैथी । चामेले अलि लाज माने जस्तो गरेर ससुरासँग भन्यो "खेती कमाइको बेला छ त ससुरा, छोरी पठाई दिनुपर्यो ।

ससुराले एकछिन खोकेर अनि नली गालामा अड्याएर भन्यो:

"हुन त ज्वाइँ गरीब र सरीब भनेर अनेकथरीका नाउँ राख्थ्यौ अरे, तर गरीब भए पनि आजसम्म कसैका घरमा पोल्टो थाप्न गएको छैन । पुजेर दिएको तिमीलाई हो, आफ्नी स्वास्नी राजी गराऊ लैजाऊ, कसैले छेकेको छैन ।"

चामेले ङिच्च मुख लायो । गौँथली एक छिनपछि जूठो-चूलो सिध्याएर डोकोनाम्लो लिएर वनतिर जान लागेकी थिई, चामेले पाखुरामा समाएर भन्यो "डोको नाम्लो लिएर कता नि, हिंड़ घर जाऊँ ।"

"घरमा त मरे पनि जान्नँ ।"

(i) चामेलाई गौँथली किन मुखाले भएको जस्तो लाग्यो ?

(a) बिहे हेर्न गएकाले ।

(b) चामेले बारम्बार कुटेकाले ।

(c) माइत गएकाले ।

(d) छिमेकीले सिकाएकाले ।

(ii) चामे सुतिरहेको बेला बिहानीपख ढोका उघारेर को बाहिर आयो ?

(a) सासुआमा।

(b) गौँथली।

(c) जुठे।

(d) ससुराबा।

(iii) चामेले लाज माने जस्तो गरेर ससुरालाई के भन्यो ?

(a) खेती कमाइको बेला छ, छोरी पठाइ दिनुपर्यो।

(b) अब कहिले पनि गौँथलीलाई कुट्दिन।

(c) आफ्नी स्वास्नी राजी गराऊ लैजाऊ।

(d) हुन त ज्वाइँ गरीब र सरीब अनेकथरीका नाउँ राख्थ्यौ अरे।

(iv) ससुरो बुढ़ो दैलो उघारेर कता गयो ?

(a) घाँस काट्न।

(b) हुक्का तान्न।

(c) पिसाब फेर्न।

(d) पानी लिन।

(v) चामेले गौँथलीलाई कतिबेला पाखुरामा समायो ?

(a) बिहेबाट आएपछि।

(b) गाग्रीमा पानी लिएर आएपछि।

(c) घर फर्किंदै गर्दा।

(d) डोको नाम्लो लिएर बनतिर जान लाग्दा।

(vi) कसले कसलाई भनेको :

"घरमा त मरे पनि जान्नँ।"

(a) गौँथलीले चामेलाई।

(b) चामेले गौँथलीलाई।

(c) गौँथलीले आफ्नी आमालाई।

(d) गौँथलीले आफ्ने बाबालाई।

**5.** तल दिइएका गद्यांश ध्यानपूर्वक पढ़ेर कुनै ***पाँच*** प्रश्नका उत्तर दिनुहोस्। *5×1=5*

गनी गनी टाड़ाका तारा
कुकुर जस्तै हीन भएर
बिताइरहेछन् जीवन सारा
आकाशका तारा के तारा।
न उनमा छ आफ्नोपन क्यै।
एक सूर्यको ज्योतिमा नै
ती ताराको अस्तित्व हराउँछ ;
तर यी तारा
हर्के, वीरे, चामे सारा
कसले चिन्ने यिनीहरूलाई ?
चिन्न सके त
एक हर्केमा, एक वीरेमा
एकेक सूर्यको शक्ति निहित
एक चामेको, एक रामेको
विवेक-ज्योतिले विश्व सिँगार्छ
अन्धो पृथ्वी – अन्धा हामी
हाम्रा लागि घरको दूध पानीसरि छ,
नौ-लाख तारा टाढ़ा हुनाले तारा छन्
रामे, चामे, हर्के, वीरे झटारा छन्
भयो प्रिये !
आकाशका ती तारा ल्याई
लुर्कना किन लाउने
पृथ्वीका तारा स्याह्यार्न किन नथाल्ने ?
प्रिये ! अझै अलिक दिन बुच्चै बसिद्यौ
बुच्चा कानमा लुर्कना होइन
पृथ्वीका रत्न बटुली
तिम्रो मनको कालो आकाशमा
ज्योति सजाउँला।

(i) कविले कुकुर जस्तै हीन भए जीवन बिताएको भनेर कसलाई भनेका हुन् ?

(a) कुकुरहरूलाई। (b) हर्के, रामे, चामे, वीरे आदिलाई।

(c) बाटामा बसेर माग्नेहरूलाई। (d) आकाशका ताराहरूलाई।

(ii) 'एकेक सूर्यको शक्ति निहित छ' – भनेर के भन्न खोजिएको छ।

(a) हामीले नजिकका प्रतिभाहरूलाई चिन्न सक्नुपर्छ।

(b) हामीले नजिकका प्रतिभाहरूलाई टाड़ामा राख्नुपर्छ।

(c) हामीले टाड़ाका प्रतिभाहरूलाई मात्र सम्मान गर्नुपर्छ।

(d) सूर्यको अपार शक्ति हुन्छ।

(iii) हामीले स्थानीय प्रतिभाहरूलाई वास्ता गर्दनौँ। – यस वाक्यले तलका कुन भनाइलाई समेट्छ ?

(a) हाम्रा लागि घरको दूध मूल्यवान् छ।

(b) हाम्रा लागि स्थानीय प्रतिभा नै सम्मानयोग्य हुन्।

(c) स्थानीय प्रतिभालाई हामी जहिले सम्मान गर्छौँ।

(d) हाम्रा लागि घरको दूध पानीसरि छ।

(iv) उक्त पङ्क्ति कुन कविताबाट लिइएको हो ?

(a) आकाशका तारा के तारा कथाबाट।

(b) आकाशका तारा के तारा निबन्धबाट।

(c) आकाशका तारा के तारा कविताबाट।

(d) आकाशका तारा के तारा पत्रबाट।

(v) उक्त पङ्क्तिका रचनाकार को हुन् ?

(a) हरिभक्त अधिकारी। (b) हरिभक्त देवकोटा।

(c) हरिभक्त कटुवाल। (d) हरिभक्त कार्की।

(vi) कविले कसलाई स्याहार्न थाल्नुपर्ने कुरा गरेका छन् ?

(a) आकाशका तारालाई। (b) पृथ्वीका तारालाई।

(c) मनको कालो आकाशलाई। (d) बुच्चै बस्नेहरलाई।

**6.** तल दिइएका प्रश्नहरूमध्ये कुनै ***चार*** प्रश्नका उत्तर दिनुहोस् । *4×1=4*

(i) इस् पढ़्छु तेरो कविता कस्तो कविता हो ?

(a) जातिप्रेमी ।

(b) व्यङ्ग्यात्मक ।

(c) क्रान्तिकारी ।

(d) राष्ट्रप्रेमी ।

(ii) ‘शहीदहरूको सम्झनामा’ कविताका कवि को हुन् ?

(a) भूपि शेरचन ।

(b) मटिल्डा राई ।

(c) हरिभक्त कटुवाल ।

(d) सानु लामा ।

(iii) ‘इस् पढ़्छु तेरो कविता’ मा कविले कानूनको जिम्मा कसलाई दिएका छन् ?

(a) वकिललाई ।

(b) शिक्षालाई ।

(c) रूपिँयालाई ।

(d) न्यायधीशलाई ।

(iv) कवि के नगरेर फुर्सदमा हाइ काड़्दै सुतिरहन मन पराउँछन् ?

(a) पुस्तक नपढ़ेर ।

(b) स्कूल नगएर ।

(c) कविता नपढ़ेर ।

(d) घुम्न नगएर ।

(v) “पानी पर्ला ? नपर्न पनि सक्छ । तै पनि छाता बोक्छु । सोचेको एउटै हुँदैन ।”

उक्त पद कहाँबाट निकालिएको हो ?

(a) इस् पढ़्छु तेरो कविता ।

(b) रातभरि हुरी चल्यो ।

(c) आकाशको तारा के तारा ।

(d) टोटलाको फूल ।

(vi) वीरले देशको निम्ति रगतको भेटी चड़ाउँदा जगतमा के हुन्छ ?

(a) जगत शोकमा डुब्छ।

(b) जनता शोकमा डुब्छन्।

(c) जगतको ओठमा हाँसो र गालामा लाली चड्छ।

(d) जगतले मुख लाजले छोप्छ।

(vii) कविले शहीद कतिबेला रूने कुरा गरेका छन् ?

(a) वीरले बलिदानी दिंदा।

(b) हामीले उन्नति नगर्दा।

(c) हामी कर्तव्य बिसँदा।

(d) हामीले बीउ नछर्दा।

(viii) हामीले आफ्नो कर्तव्य नगरे केले मुख लाजले छोप्छ ?

(a) शहीदले।

(b) आकाशले।

(c) सपुतले।

(d) धरतीले।

**भाग – दुई**

*निम्नलिखित प्रश्नहरूको उत्तर लेख्नुहोस्।*

**7.** तल दिइएको पङ्क्ति कहाँबाट निकालिएको हो र यसका रचनाकार को हुन् *2*

(a) "बिहानको शीतल हावा झ्यालबाट पसेर मलाई निद्राबाट ब्यूँझाइदिन्छ। ब्यूँझेपछि म घुम्न जाने तर्खर गर्छु। म भर्खरै बिमारीबाट उठेकी छु अनि डाक्टरले सल्लाहअनुसार बिहान-बेलुकी निकै टाड़ासम्म पैदल हिंड्ने गर्छु।"

**अथवा**

(b) "म के के सोच्दै थिएँ, उसको बात सुनेर म झसङ्ग भएकी थिएँ। मेरो मुटुमा चिसो पसेको थियो। मैले सोधेको थिएँ, के के भन्यो सोना ? भन त।"

उक्त पङ्क्तिमा को-कोबीच कुरा भएरहेको छ ? र, यस कथाका कथाकारको नाम के हो ?

8. मोतीले लुगा जलाउन लाग्दा काकाले के भनेर सम्झाएका थिए ? *2*

9. (a) मोतीकी साथी कमलाले के के काम गर्नुपर्थ्यो ? *3*

**अथवा**

(b) आमा साह्रो भएको खबर पाएपछि घर आएर मोतीले के के गरी ? *3*

10. सोनामणिको चरित्र चित्रण गर्नुहोस् ? *3*

*निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।*

11. घनश्याम नेपालका कुनै तीन सम्पादित कृतिहरूको नाम लेख्नुहोस्। *3*

12. घनश्याम नेपालको जन्म कहाँ र कहिले भएको थियो ? *2*

निम्नलिखित प्रश्नहरूको उत्तर लेख्नुहोस्।

13. सप्रसङ्ग व्याख्या गर्नुहोस्। *4*

"तैंरै जिद्धीले यस्तो ठाउँमा घर बनाको। लोग्नेले एका-एक झोक्किएर भन्यो – नभएदेखि मज्जासँग पुलिसको काम गरेर बजारबीचमा बस्तै थियौं। हावाको डर न पैह्रोको डर ....। "

14. भ्रूण विकास केन्द्रका प्रमुख को हुन् र यहाँ के के गरिन्छ ? *3*

15. (a) डा. नानो कथाका कथाकारको नाम के हो ? यसमा भएका कुनै तीन पात्रहरूको नाम लेख्नुहोस्। यो कथा कुन सालको अनुमानमा रचना गरिएको छ ? *3*

**अथवा**

(b) कालेको बाउले राती हुरी चलेको बेला के के काम गर्यो ? *3*

16. निम्नलिखित कुनै ***एक*** विषयमा 150 शब्दसम्मको रोचक निबन्ध रचना गर्नुहोस्। *5*

(a) अनुशासन

(b) महात्मा गान्धी

**17.** (a) "विद्या आर्जन गर्न जरूरी छ" भन्ने विषयमा प्रकाश पार्दै आफ्नो भाइलाई एउटा पत्र लेख्नुहोस्। *5*

**अथवा**

(b) घरमा बाबालाई ज्वरो आएको कारण अस्पताल लानुपर्ने भएकाले आफू विद्यालय आउन नसक्ने जानकारी गराउँदै विद्यालय प्रमुखलाई एउटा निवेदन लेख्नुहोस्। *5*

**18.** नेपालीमा अनुवाद गर्नुहोस्। *5*

(a) I shall be waiting.

(b) Reading good books make a man wise.

(c) There are many books in the almirah.

(d) Hari does not go school.

(e) We bathed in the river.